आज मिति २०८२ कार्तिक २४ गते दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | अनु. |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | अनु. |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | अनु. |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | अनु. |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | सुनिता |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | अनु. |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

निर्णय नं. ४

मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, प्रदेश कार्यक्रम सहायोग इकाईबाट मिति २०८२।६।३१ गते नवप्रवर्तनमा आधारित साझेदारी परियोजना संचालनका लागि अवधारणा पत्र पेश गर्न सूचना प्रकाशन भए बमोजिम यस थलारा गाउँपालिकामा देहायको परियोजना संचालनका लागि अवधारणापत्र पेश गर्ने। उक्त परियोजनाको कुल लागत मध्ये ३०% लागत गाउँपालिकाको बार्षिक बजेटबाट स्रोत वेहोर्ने प्रतिबद्धता गरियो।

| क स | प्रस्तावित परियोजनाको नाम | लागत रु. | | |
|---|---|---|---|---|
| | | परियोजनाबाट | गाउँपालिकाको | जम्मा रु. |
| १ | प्रविधिमा आधारित शैक्षिक अनुगमन प्रणाली | १०३,६४,९०० | ४४,४२,१०० | १४८,०७,००० |

निर्णय नं. ५

देहाय बमोजिमका व्यक्तिहरुलाई औषधी उपचारका लागि नगद आर्थिक सहयोग गर्ने।

| सि न | नाम | ठेगाना | सहयोग रकम रु. | प्रयोजन |
|---|---|---|---|---|
| १ | भक्त दमाई | थलारा ८ | १०,००० | औषधी उपचार |
| २ | किट्टो लुहार | थलारा २ | २०,००० | औषधी उपचार |
| ३ | चन्द्र बहादुर ओखेडा | थलारा ५ | १५,००० | औषधी उपचार |
| ४ | सिता देवी रोकाया | थलारा ६ | ८,००० | औषधी उपचार |
| ५ | मानु खत्रीको छोरा निशान खत्री | थलारा ५ | १०,००० | औषधी उपचार |
| ६ | जुना देवी दमाई | थलारा २ | २०,००० | औषधी उपचार |

निर्णय नं. ६

सङ्घीय सरकारबाट हस्तान्तरित देहाय बमोजिमका कार्यक्रमहरूका लागि आवश्यक पर्ने जनशक्ति करार पदपूर्तिका लागि विज्ञापन गरी करार सेवामा लिन स्वीकृति दिने।

| क स | पदपूर्ति गर्नुपर्ने पद | तह | कार्यक्रमको नाम |
|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम |
| २ | कृषि स्नातक | अधिकृत छैटौं | कृषि स्नातक करार |

२०८२।८।२४

थलारा गाउँपालिकाको कार्यालय, बझाङ, सुदूरपश्चिम प्रदेश, नेपाल

## मिति २०८२ कार्तिक २४ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरू

### निर्णय नं. १

यस गाउँपालिकाको आर्थिक बर्ष २०८२।८३ को बार्षिक कार्यक्रम अनुसार उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरुको हाल सम्मको कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो। हाल सम्म पनि सम्झौता हुन बाँकी आयोजनाहरुलाई मंसिर महिना भित्र सम्झौता गरी कार्य प्रारम्भ गरिसक्न भनी सूचना जारी गरी मंसिर भित्र सम्झौता हुन नसकेका आयोजनाहरुको बजेट कटौती गर्ने गरी आगामी गाउँसभामा प्रस्ताव लैजाने।

### निर्णय नं. २

आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं १ मा प्रसुति सेवा केन्द्र (बर्थिङ सेन्टर) संचालनका लागि आवश्यक पर्ने पूर्वधार तयार भईसकेकोले उक्त स्वास्थ्य संस्थामा प्रसुति सेवा सुचारु गर्न आवश्यक कर्मचारीहरुको जिम्मेवारी हेरफेर गरी सेवा संचालनको व्यवस्था गर्ने।

### निर्णय नं. ३

जिल्ला निर्वाचन कार्यालय, चैनपुर बझाङको च.नं. १७ मिति २०८२।७।१८ को पत्रानुसार यस गाउँपालिका अन्तर्गतका देहाय बमोजिमका मतदान केन्द्रहरू हेरफेर तथा नयाँ कायम गर्नुपर्ने आवश्यक देखिएको भनी सिफारिस गरी पठाउने ।

| क्र स | वडा नं | कायम गर्नुपर्ने मतदान केन्द्र | थप वा संशोधन | साविक | कारण |
|---|---|---|---|---|---|
| १ | ४ | ऐश्वर्य आ वि मोयल वडा नं ४ | नयाँ थप | त्रिभुवन मावि | भौगोलिक रुपले टाढा र मतदाता संख्या बढी भएकोले |
| २ | ५ | दुर्गा भवानी आ वि, सर्तोल | नयाँ थप | थलारा मावि वडा नं ५ | भौगोलिक रुपले टाढा र मतदाता संख्या बढी भएकोले |
| ३ | ८ | शैलेश्वरी आधारभूत विद्यालय,वडा नं ८ देवस्थली | संशोधन | वडा नं ८ को कार्यालय | साविक मतदान केन्द्र सडकसँग नजोडिएको भौतिक सुविधा अभाव भएको |
| ४ | ६ | त्रिभुवन आवि प्राङ्गण मालचौर | संशोधन | वडा नं ६ को कार्यालय | वडा कार्यालयमा खुला ठाउँ अभाव भएकोले |

२०८२।७।२४

थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... खोला, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

... राज ... प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

थलारा गाउँपालिकाको शिक्षा योजना २०८२ मंसिर भित्र निर्माण गरी सक्नुपर्ने भएकोले उक्त शिक्षा योजना तयार गर्न प्राविधिक विज्ञ जनशक्ति आवश्यक पर्ने देखिएकोले सेवा परामर्शमा लिई कार्य गराउन उक्त योजना निर्माणका लागि बढीमा रु. १ लाख ५० हजार सम्म खर्च हुने गरी शिक्षा योजना निर्माण प्रक्रिया अगाढी बढाउन स्वीकृति दिने।

२०८२/८/२४